## भाग २

## समिति गठन तथा काम, कर्तव्य र अधिकार

**३. समित गठन** : १. विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचान गर्न एक स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति रहनेछ ।

२. समितिको गठन निम्नानुसार हुनेछ ।

क. नगर प्रमुख अध्यक्ष

ख. नगर उप प्रमुख सदस्य

ग. प्रमुख प्रशासकिय अधिकृत सदस्य

घ. वडाध्यक्षहरु सबै वडाको सदस्य

ङ. विषयगत समितिको संयोजकहरु सदस्य

च. राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधी सदस्य

छ. प्रतिनिधी जिल्ला प्रशासन कार्यालय सदस्य

ज. नेपाल रेडक्रस सोसाइटीका सभापति वा प्रतिनिधी सदस्य

झ. सामाजिक विकास महाशाखा/शाखा प्रमुख सदस्य

ञ. नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रनिधि सदस्य

ट. नगरपालिका भित्रका प्रदेश प्रहरी वा प्रतिनिधी सदस्य

ठ. नगर प्रहरी प्रमुख सदस्य

ड. उद्योग वाणिज्य संघको नगरस्तरीय अध्यक्ष वा प्रतिनिधी सदस्य

ढ.गैरसरकारी महासंघको नगरस्तरीय अध्यक्ष वा प्रतिनिधी सदस्य

ण. नेपाल पत्रकार महासंघको नगरस्तरीय अध्यक्ष वा प्रतिनिधी सदस्य

त. विपद् व्यवस्थापनको क्षेत्रमा अनुभव भएको स्थानिय व्यक्तिहरु मध्ये र न.पा. द्धारा मनोनित एक महिला सहित ३ जना । सदस्य

थ. विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको महाशादा शाखा प्रमुख सदस्य सचिव

भाग २ को उपदफा २ को खण्ड(च)(ज)(ट)(ढ)(त) बमोजिम मनोनित सदस्यको समयवधि ५ वर्षको हुनेछ ।

**४. समितीको बैठक सम्बन्धी व्यवस्था** :

१. समितिको बैठक कम्तीमा वर्षको दुई पटक संयोजकले तोकेको मिति, समय र स्थानमा २४ घण्टा अगाडि अन्य सदस्यहरुलाई जानकारी दिई बस्नेछ ।

